# प्रस्तावना

पवित्र बाइबलको यो अनुवाद साधारण मानिसहरूको, साथै सर्वसाधारणहरूको विशेष आवश्यक्तालाई पूरा गर्नको निम्ति प्रस्तुत गरिएको छ। साथै जसले भर्खरै मात्र लेख्न र पढ़न शुरु गरेका छन् तिनीहरूको अवस्थालाई ध्यानमा राखेर सरल अनि छोटा वाक्यहरूको प्रयोग गरि अनुवाद गरिएको छ। यो अनुवाद मार्गदर्शनको निम्ति एक संचार माध्यम हुन सकोस। अनुवादकले विशेष पाठकहरूको रूचीलाई मध्य नजर राखी बाइबलको लेखकहरूको सन्देश स्वभाविक र वास्तविक तबरले प्रस्तुत गरे जस्तै मुख्य भाषामा पुरानो समयमा मानिसहरूको सम्मुख प्रस्तुत गरेका थिए। जो केटा-केटीहरू, नेपाली भाषालाई मात्रिभाषाको रूपमा सिक्छन्। र अन्य धेरैलाई पढ़नमा यस्तै कठिनाइँहरूको सामना गर्नुपर्छ। यो विशिष्टिकृत नेपाली अनुवाद यस्ता मानिसहरूलाई बुझ्नमा पढ़नमा हुने सामान्य वाधाहरू पार गर्नमा सहायता होस् भन्ने दृष्टिकोणले तयार पारिएकोछ।

पवित्र बाइबलको यो अनुवादको कार्यमा उत्तम अनुवाद नै उत्तम संचार हो भन्ने धारणाले मार्ग-दर्शन दिएको छ। पाठकहरूको समक्ष बाइबलका लेखकहरूको सन्देश त्यस्तै स्वाभाविकता अनि वास्तविकतासित प्रस्तुत गर्न अनुवाद कर्ताहरूले विशेष ध्यान दिएका छन् जस्तो मूल भाषामा पुरानो समयका मानिसहरू समक्ष प्रस्तुत गरिएको थियो। विश्वासनीय अनुवादको मतलब शब्दहरूलाई शब्दकोषसित मिलाउनु मात्र होइन। यो एक यस्तो प्रक्रिया हो जसद्वारा यस्तो प्रकारले मूल सन्देशलाई प्रस्तुत गरिन्छ। त्यसको अर्थ केवल एक मात्र नभएर सुन्नमा स्पष्ट बुझ्नमा सरल देख्नमा आकर्षक होस् जस्तो हजारौं वर्ष अघि थियो।

यो मूल-ग्रन्थको अनुवादकहरूका निम्ति प्रभावशाली संचारको विशेष महत्व छ। संसारको माध्यमले शुद्धताको महत्वलाई आफ्नै प्रभावकारी परेको छ। तर विचारहरूलाई विश्वसनीयरूपले व्यक्त गर्नलाई शुद्धता आवश्यक्ता छ, त्यसको रूपात्मक विशेषतालाई ठीक सामंजस्य गर्नु मात्र होइन।

विशेषगरी पवित्र बाइबलको रचना प्रकाशित गर्ने, धर्मशास्त्रका लेखकहरूले संचार प्रति विशेष ध्यान दिएर भाषा र शैली प्रयोग गरेको देखिन्छन्। नेपाली अनुवादकहरूले यसलाई तयार गर्नमा यी कुरालाई अनुसरण गर्नु प्रमुख उदाहरण ठाने। यसर्थ आफ्ना विशेष पाठकरू समक्ष बाइबल धर्मशास्त्रको अर्थ सरल अनि स्वाभाविक रूपमा पुऱ्याउने परिश्रम गरेका छन्। बुझ्नमा बाधा नहोस् भनेर नेपाली भाषालाई विशाल अंशका निम्ति धर्मशास्त्रको सत्यता प्रकट गर्ने कुञ्जीको प्रबन्ध गर्ने गरी भाषाको प्रयोग गरेका छन्।

बुझ्नमा सहायता होस् भन्ने हेतुले अनुवादमा अनेक विशेषताहरूको प्रयोग गरिएको छ। शास्त्रमा भएका कठिन अनि अस्पष्ट शब्दहरू पछि कहीँ-कहीँ संक्षिप्त व्यख्या अनि सामर्थी शब्दहरू प्रयोग गरिएको छ। यस्ता व्याख्यात्मक शब्दहरू नियर्ग अक्षरमा लेखिएका छन्। शब्द अनि मुहावशा वाक् पद्धतिहरूलाई आवश्यक विस्तृत व्याख्याको पछि तारा चिह्न दिइएको छ अनि पृष्ठको किनारमा पादटिप्पणी (संकेत) दिइएको छ। त्यस माथि शास्त्रीय उद्धरणहरूको परिचय र परिवर्त्तित पठनमा पनि पाद-टिप्पणीमा प्रयोग गरिएको छ। कुनै-कुनै शब्द वा वर्णनहरू, जो सन्दर्भमा निहित छन्, जसलाई अर्थ स्पष्ट पार्न शास्त्रमा उदारण दिइएको छ। यस्ता व्याख्यात्मक शब्द अनि वाक् पद्धतिहरूलाई अर्द्ध-कोष्टकद्वारा चिह्नित गरिएको छ।

यी नयाँ नियमका प्रथम चार पुस्तकहरूमा, अंशका शीर्षकहरूको पछिबाट पार-निर्देश (क्रस-रेफरेन्स) दिइएको छ। यिनीहरूले जहाँ एउटै वस्तु वा पदार्थ सुसमाचारहरूमा पाइन्छ त्यसले परिचय गराउँछन्।

# भूमिका

बाइबल शब्द “पुस्तकहरू” अर्थ भएको ग्रीक शब्दबाट आएको हो। अनुवाद गरिएको “टेस्टमेण्ट” शब्दलाई “करार” वा सम्झौताको रूपमा प्रयोग गरिएको छ। यसले आफ्ना मानिसहरूलाई आशीर्वाद दिने परमेश्वरको वचनलाई निर्देश गर्छ। पुरानो करार लेख वा रचनाहरूको समूह हो जो मोशाको समयमा परमेश्वरले यहूदी मानिसहरूसित बाँध्नु भएको करारमा सम्बन्धित छ। नयाँ करार त्यो नाउँ हो जसलाई अनेक शताब्दीदेखि बाइबलको अन्तिम भाग निर्माण गर्ने लेख वा रचनाहरूको समूहमा वर्णन गर्न प्रयोग गरिएको छ। यसर्थ बाइबल यथार्थमा पुस्तकहरूको दुइ समूह हो। नयाँ करार लेख रचनाहरूको त्यो समूह हो जसले येशू ख्रीष्ट प्रति विश्वास राख्ने मानिसहरूसित परमेश्वरले बाँध्नु भएको करारसित सम्बन्धित छ। पुरानो करारका लेखहरूले परमेश्वरले गर्नु भएका महान कार्यहरूको विवरण दिन्छन जसले यहूदीहरू प्रति भएको परमेश्वरको व्यवहार बताउँछ अनि परमेश्वरको त्यस योजनाको बारेमा पनि बताउँछ। जसद्वारा यी मानिसहरूको लागि सारा संसारमा आशीर्वाद ल्याउनको प्रयोग गरियो। ती लेखहरूले आउनेवाला मुक्तिदाता (मसीह) लाई ईङ्गकित गर्छन जसलाई परमेश्वरले आफ्नो योजना प्राप्त गर्न पठाउने वाला हुनुहुन्थ्यो। नयाँ करारका लेखहरू पुरानो करारका कथाहरूका परिणाम हुन्। यिनीहरूले आउनेवाला मुक्तिदाता (येशू ख्रीष्ट)को सम्पूर्ण मानव जातिलाई उहाँको आगमनको बारेमा वर्णन गर्नेछन्। पुरानो करार र नयाँ करार बुझ्नलाई आवश्यक छ किनभने पुरानो करारको आवश्यक्ताको पृष्ठ-भूमि प्रबन्ध गर्छ। अनि पुरानो करारमा प्रारम्भ भएका मुक्तिको कथालाई नयाँ करारले पूर्ण गर्दछ।

### पुरानो करार

पुरानो करारका लेखहरू विभिन्न लेखकहरूले प्रकाशित गरेका ३९वटा विभिन्न पुस्तकहरूका संग्रह हुन्। ती विशेष रूपले प्राचीन इस्राएलको हिब्रू भाषामा लेखिएका छन्। केही पुस्तक बेबिलोन साम्राज्यको सरकारी भाषा आरमेइकमा लेखिएका छन्। पुरानो करारका अंशहरू ३,५०० वर्ष भन्दा धेरै अघि लेखिएका थिए अनि प्रथम पुस्तकको लेख र आखिरी पुस्तकको लेख माझ १,००० भन्दा बढ़ी समयको अन्तर छ। यो संग्रहमा व्यवस्था, इतिहास, गद्य, गीत, पद्य अनि ज्ञानी मानिसहरूका उपदेशका पुस्तकहरू संग्रहित छन्। पुरानो करारलाई तीन प्रमुख अंशमा विभाजन गरिएको छ। व्यवस्था, अगमवक्ताहरु अनि पवित्र लेखहरू। व्यवस्थाका पाँच पुस्तकहरू छन् जसलाई “मोशाका पाँच पुस्तकहरू” भनिन्छ। प्रथम पुस्तक उत्पत्ति हो। यसले हामीले जाने झैं संसारको प्रारम्भ, प्रथम पुरूष र स्त्री, अनि तिनीहरूले परमेश्वर विरूद्ध गरेको प्रथम पापको बारेमा बताउँछ। यसले महा-जल-प्रलय अनि त्यस प्रलयबाट परमेश्वरले बचाउँनु भएको परिवारको विषयमा बताउँछ। इस्राएल राष्ट्रको आरम्भ, परमेश्वरले विशेष उद्देश्यका निम्ति उपयोग गर्नलाई छान्नु भएका मानिसहरूको बारेमा बताउँछ।

### अब्राहामको कथा

परमेश्वरले एक विश्वासपूर्ण मानिस अब्राहामसित एक करार बाध्नुभयो। करारमा परमेश्वरले अब्राहामलाई एक महान राष्ट्रका पिता तुल्याउने अनि उनी र उनका सन्तानहरूलाई कनान देश दिने वचन दिनुभयो। उनले करार स्वीकार गरेको देखाउन अब्राहामको खतना गरियो अनि त्यो परमेश्वर र वहाँका मानिसहरू माझ बाँधिएको करारको साक्षी वा प्रमाण बन्यो। परमेश्वरले वचनमा दिनुभएका कुराहरू कसरी गर्नु हुनेछ सो अब्राहामलाई थाहा थिएन तर अब्राहामले परमेश्वरलाई विश्वास गरे। यसले परमेश्वरलाई अत्यन्त खुशी तुल्यायो। परमेश्वरले अब्राहामलाई मेसोपोटामीयाका हिब्रूहरू माझको आफ्नो घर छाड़ भन्नुभयो अनि उनलाई वचन दिएको कनान देश (प्यालेसटाइन पनि भनिन्छ)मा लानुभयो। आफ्नो वृद्ध अवस्थामा अब्राहामका इसहाक नाउँका एक पुत्र जन्मिए। इसहाकका याकूब नाउँका छोरा जन्मिए। याकूब (इस्राएल पनि भनिन्छ)-का बाह्र जना छोराहरू अनि एक जना छोरी थिए। त्यो परिवार इस्राएल राष्ट्र बन्यो, तर यसले कहिले पनि आफ्नो जन-जातीय मूललाई बिर्सेन। यसले स्वयंलाई इस्राएलका बाह्रजना जाती (वा परिवार समूह) हो भनी निर्देश गर्दै रहे याकूबका बाह्रजना छोराका सन्तानहरू: रूबेन, शिमियोन, लेवी, यहूदा, दान, नप्ताली, गाद, आशेर, इस्साकार, जबुलोन, यूसुफ अनि बिन्यामीन। तीन मुख्य पूर्वजहरू-अब्राहाम,

इसहाक अनि याकूब (इस्राएल)-लाई इस्राएलका पिताहरू वा पितृ प्रधानहरू पनि भनिन्थ्यो। अब्राहाम एक अरू जातिका पनि पिता थिए। पल्ट प्राचीन इस्राएलमा धेरै परमेश्वर आफू बोल्नका निम्ति केही मानिसहरूलाई छान्नु भयो। यी विशेष मानिस वा अगमवक्ताहरू उहाँका अन्य मानिसहरूका निम्ति परमेश्वरका प्रतिनिधिहरू थिए। अगमवक्ताहरूद्वारा परमेश्वरले इस्राएलका मानिसहरूलाई वचन, चेतावनी, व्यवस्था अनि शिक्षाहरू दिनुभयो विगतका अनुभवहरूबाट प्राप्त पाठहरू अनि भावी घटनाहरूको आधारमा पाठहरू प्रदान गर्नु भयो। धर्म शास्त्रमा बताइएका प्रथम अगमवक्ता "हिब्रू" अब्राहाम हुन्।

**इस्राएल दासत्वबाट मुक्त**

याकूब (इस्राएल)का परिवार बढ़ेर गए अनि त्यसमा प्राय: उनका सत्तरी सन्तानहरू सम्मिलित थिए। उनका एक जना छोरा, यूसुफ मिश्र देशका उच्च अधिकारी बने। समय कठिन थियो, यसर्थ यूसुफ अनि तिनका परिवार मिश्रदेशमा सरे जहाँ खाद्यन्न प्रशस्त थियो। यी हिब्रू जाति बड़ेर एक सानो राष्ट्रमा बन्यो अनि फिरऊन (मिश्रदेशका राजा)-ले यी मानिसहरूलाई दास तुल्याए। प्रस्थानको पुस्तकले हामीलाई बताउँछ कि दासत्वको चारसय वर्षपछि इस्राएली मानिसहरूलाई आखिरमा छुटकारा दिन र तिनीहरूलाई प्यालेष्टाइन फर्काएर लान परमेश्वरले कसरी अगमवक्ता र मोशालाई उपयोग गर्नुभयो। छुटकाराको मूल्य भारी थियो तर त्यो मूल्य मिश्रवासीहरूले तिर्नु पर्‍यो। फिरऊन र सबै मिश्रदेशकाहरूले, मानिसहरूलाई मुक्त गरिदियो तर फिरऊनले स्वीकार गर्नु अघिनै, आफ्ना प्रथम पुत्र पशुहरू गुमाउनु पर्‍यो। जसद्वारा मानिसहरू मुक्तभएर जान सके। पछि इस्राएली मानिसहरूले आराधना र बलिदानहरूमा धेरै प्रकारले सम्झना गर्नु थाले। इस्राएली मानिसहरू आफ्नो स्वतंत्रत यात्राका निम्ति तयार थिए। मिश्र देशबाट उम्कनका निम्ति तिनीहरूले वस्त्र पहिरेका थिए। प्रत्येक परिवारले एक-एक वटा थुमा मारेर पोलेका थिए। तिनीहरूले थुमाको रगत आफ्ना ढोकाको खम्बामा परमेश्वरका निम्ति विशेष चिन्हको रूपमा लगाए। तिनीहरूले हतारसित अखमिरी रोटी पोलेर भोजनखाए। त्यस रात प्रभुका स्वर्गदूत त्यो देश भएर गए। जसको ढोकाको खम्बामा थुमाको रगत लगाएको थिएन त्यस परिवारका प्रथम जन्मको मानिस र पशूको मृत्यु भयो। इस्राएली मानिसहरूलाई मुक्त गरियो। तर ती दासहरू मिश्रदेश छाड़न आँटेका थिए। फिरऊनले आफ्नो मन परिवर्त्तन गरे। तिनले इस्राएली दासहरूलाई समातेर तिनीहरूलाई फर्काइ ल्याउन भनी आफ्ना सेनाहरू पठाए, तर परमेश्वरले आफ्ना मानिसहरूलाई बँचाउनु भयो। परमेश्वरले लाल समुद्रलाई चिर्नु (फ्याँक पार्नु) भयो, आफ्ना मानिसहरूलाई छुटकारा दिनका निम्ति तिनीहरूलाई अर्कोतिर पुर्‍याउनु भयो अनि पिछा गर्ने मिश्री सेनाहरूलाई नष्ट गरिदिनु भयो। तब अरबी उपद्वीप मरुभूमिको कुनै स्थानमा, सिनाइ (सीनै) एक पर्वतमा परमेश्वरले ती मानिसहरूसित विशेष करार बाँध्नु भयो।

**मोशाको व्यवस्था**

परमेश्वरद्वारा इस्राएलका मानिसहरूको उद्धार अनि सीनैमा तिनीहरूसित बाँधिको करारले यो जातिलाई अन्य सबै देखि अलग तुल्यायो। यो करारमा इस्राएलका मानिसहरूका निम्ति वचन अनि व्यवस्था निहित छ। दश आज्ञाको रूपमा जानिने करारको अंश परमेश्वरले दुइवटा शिला-पटमा लखेर मानिसहरूलाई दिनु भएको थियो। यी आदेशहरू ती मूल सिद्धान्तहरूमा निहित थिए जसद्वारा परमेश्वरको इच्छा अनुसार इस्राएली मानिसहरूले आफ्नो जीवन विताउनु पर्ने थियो। ती सिद्धान्तमा भए अनुसार इस्राएलीहरूले आफ्ना परमेश्वर, परिवार एवं आफ्ना जीवन अन्य मानिसहरू प्रति आफ्नो कर्त्तव्य पालन गर्नु पर्ने थियो। दश आज्ञा विशेष करारहरू तथा सीनै पर्वतमा दिएका उपदेश "मोशाका व्यवस्था" अथवा "व्यवस्था" का नाउँमा चिनिन थाले। धर्म शास्त्रका प्रथम पाँच पुस्तकहरूलाई निर्देश गर्न धेरै पल्ट सम्पूर्ण पुरानो करारलाई निर्देश गर्न यी शब्दहरूको प्रयोग भएको छ। दश-आज्ञा अनि जीवन चरित्रका अन्य करारहरू बाहेक मोशाको व्यवस्थामा पूजाहारी, बलिदान, उपासना अनि पवित्र दिवसहरू सम्बन्धित करारहरू निहित छन्। यी करारहरू "लेवी" को पुस्तकमा पाइन्छ। मोशाको व्यवस्था अनुसार समस्त पूजाहारीहरू अनि तिनीहरूका सहायकहरू लेवी वंशबाट आएका हुन्। यी सहायकहरूलाई लेवाती भनिन्थ्यो। प्रमुख पूजाहारीलाई प्रधान पूजाहारी भनिन्थ्यो। व्यवस्थामा इस्राएली मानिसहरू परमेश्वरको आराधना गर्न जाने स्थान, पवित्र पाल वा भेट हुने पालको निर्माण गर्ने निर्देश संग्रहित छ। यसमा आफ्नो आराधनामा चाहिने समस्त चीजहरू बनाउने निर्देशन छ। इस्राएलीहरू यरूशलेमको सियोन पर्वतमा मन्दिर निर्माण गर्नमा तयार भए तिनीहरू परमेश्वरको आराधना गर्न जानेछन्। बलिदान र आराधना सम्बन्धित करारहरूले इस्राएलीहरूलाई तिनीहरू एक अर्का प्रति अनि परमेश्वरको विरुद्धमा पाप गरिरहेका छन् भनेर जान्न वाध्य तुल्यायो। तर ती करारहरूले तिनीहरूलाई क्षमागर्ने अनि परमेश्वर र मानिसहरूसंग फेरि एकहुने मार्ग पनि देखायो। यी बलिदानहरूले, संसारका सम्पूर्ण मानिसहरूलाई परमेश्वरले तयार गरिरहनु भएको बलिदानलाई राम्ररी बुझ्ने मार्ग प्रस्तुत गर्‍यो। त्यो व्यवस्थामा केही पवित्र दिवसहरू वा उत्सवहरू मनाउने निर्देशहरू

निहितछन्। प्रत्येक उत्सवको आफ्नै विशेष अर्थ थियो। केही उत्सवहरू वर्षको विशेष समयमा मनाउने खुशीका उत्सवहरू थिए जस्तै प्रथम फसल कटाइ उत्सव, शबाथ (पेन्तिकस्ट वा सप्ताहका उत्सव) अनि सुक्कोथ आश्रयको उत्सव आदि। केही उत्सवहरू परमेश्वरले आफ्ना मानिसहरूका निम्ति गर्नु भएका अद्भूत कुराहरूको सम्झना गर्नका निम्ति थिए। निस्तार पर्व यस्तो एक उत्सव थियो। हरेक परिवार मिश्रदेशबाट छुटकारा पाएको कुरा संझन्थे। मानिसहरू परमेश्वरको स्तुति गाना गाउँथे। थुमा मारेर भोजन तयार गर्थे। भोजनको रमाहटले मानिसहरूलाई, परमेश्वरले कसरी पीढ़ा र कष्टको जीवन देखि छुटकारा दिनु भयो थियो त्यसको संझना गराउँद थियो।

अन्य उत्सवहरू अत्यन्त महत्तपूर्ण थिए। हरेक वर्ष, प्रायश्चितको दिन मानिसहरूले, अरूहरू प्रति अनि परमेश्वर प्रति गरेका अनेक दुष्कर्महरू सम्झन्थे। यो दिन प्रयाचितको दिन हुन्थ्यो अनि मानिसहरूले खानपिन गर्दैन थिए। तर त्यसदिन प्रधान पूजाहारीले तिनीहरूका सबै पापलाई क्षमा गर्नको निम्ति विशेष बलिदान चढाउँद थिए। परमेश्वर र इस्राएलीहरू माझको पुरानो करार लेखकहरूका निम्ति खूबै महत्वपूर्ण थियो। प्राय: सबै अगमवक्ताहरूका पुस्तक अनि पवित्र लेखहरू इस्राएल राष्ट्र र इस्राएलका हरेक नागरिकहरूले "परमेश्वरसित बाँधिका विशेष" वा समान्य "करार" भन्दछन्। तिनीहरूको इतिहासको पुस्तकले घटनामा करारको प्रकाशमा नै व्यख्या गर्छ। यदि मानिस अथवा राष्ट्र परमेश्वरको करार प्रति विश्वासी भए परमेश्वरले तिनीहरूलाई पुरस्कार दिनु हुन्थ्यो। यदि मानिसहरूले करार त्यगेको खण्डमा परमेश्वरले तिनीहरूलाई दण्ड दिनुहुन्थ्यो। परमेश्वरले तिनीहरूसंगको आफ्नो करार संझाउनलाई आफ्ना अगमवक्ताहरू पठाउनु भयो। इस्राएलका लेखकहरूले परमेश्वरले आफ्ना आज्ञाकारी मानिसहरूका निम्ति गर्नु भएका अद्भूत कुराहरूको गाना गाए अनि परमेश्वरको आज्ञा उलङ्घन गर्नेहरू माथि आइपरेको पीढ़ा र दण्ड प्रति अफसोस प्रकट गरे। यी लेखकहरूले आफ्ना सही गलत धारणा करारको शिक्षामा आधारित गरे। अनि जब निर्दोष मानिसहरूले यातना भोगे तब त्यसो किन भयो? बुझ्न लेखकहरूले संघर्ष गरे।

**इस्राएल राज्य**

प्राचीन इस्राएलको कथा परमेश्वरलाई परित्याग गर्ने मानिसहरू अनि, परमेश्वरले मानिसहरूको उद्धार गर्नु भएकोले परमेश्वर तर्फ फर्केर आउने र आखिरमा परमेश्वरलाई परित्याग गर्ने मानिसहरूको कथा हो। यो चक्र मानिसहरूले परमेश्वरको करार स्वीकार गरेको समय देखि शुरू भयो। अनि यसको पुनरावृत्ति घरि-घरि भइ रह्यो। सियोन पर्वतमा इस्राएलका मानिसहरूले परमेश्वरको अनुसरण गर्ने कुरा स्वीकार गरेका थिए तर त्यसपछि तिनीहरूले विद्रोह गरे अनि ४० वर्षसम्म तिनीहरू मरूभूमिमा भटकिन वाध्य भए। अन्तमा मोशाका सहायक यहोशूले मानिसहरूलाई प्रतिज्ञा गरिएको देशमा पुऱ्याए। यो एक विजयको प्रारम्भ थियो अनि इस्राएल देशको आंशिक बन्दबस्त थियो। व्यवस्थापनका प्रथम केही शताब्दी सम्म मानिसहरूको न्यायधीश कहलाइन स्थानीय अगुवाहरूले शासन गरे। आखिरमा (परिणाममा) मानिसहरू एक राजा चाहन्थे। प्रथम राजा शावल थिए। शाऊलले परमेश्वरको आज्ञा पालन गरेनन् यसर्थ परमेश्वरले दाऊद नाउँको एक भेंड़ा-गोठालालाई नयाँ राजा चुन्नु भयो। अगमवक्ता शामूएल आएर तिनलाई इस्राएलको राजाको रूपमा अभिषेक गर्दै तिनको शिरमा तेल खन्याए। इस्राएलका भावी राजाहरू यहूदी जन-जातिबाट हुनेछन् भनी परमेश्वरले दाऊदलाई वचन दिनुभयो। दाऊदले यरूशलेम नगरलाई विजय गराए। त्यसलाई आफ्नो राजधानी र भावी मन्दिरको स्थल बनाए। तिनले पूजाहारी, अगमवक्ता, गीतलेखक, सङ्गीतकार, अनि गायकहरूलाई मन्दिरको आराधना गर्नको निम्ति व्यवस्थित तुल्याए। दाऊद स्वयंले अनेक गीतहरूको रचना गरे। तर परमेश्वरले तिनलाई मन्दिर निर्माण गर्न दिनु भएन। जब दाऊद बृद्ध भएर मरणसिल अवस्थामा थिए तिनले आफ्ना छोरा सुलेमानलाई इस्राएलका राजा बनाए। दाऊदले आफ्ना छोरालाई सदा-सर्वदा परमेश्वरको अनुसरण गर्नु र करारको पालन गर्नु भनी सावधान गराए। राजा सुलेमानले परमेश्वरको मन्दिर निर्माण गरे। अनि इस्राएलको सीमाना विस्तार गरे। यो सम्पूर्ण समयमा इस्राएल आफ्नो गौरवको उच्च शिखरमा पुग्यो। सुलेमान प्रसिद्ध भए अनि इस्राएल सुदृढ़ बन्यो।

**यहूदा र इस्राएल - विभाजित राज्य**

सुलेमानको मृत्युपछि नागरिक-विवाद उत्पन्न भयो। अनि इस्राएल राष्ट्र विभाजित भयो। उत्तरका दश जातिले स्वयंलाई इस्राएली कहलाउन थाले। दक्षिणी जन-जातीले स्वयंलाई यहूदा भन्न थाले। (आधुनिक शब्द "यहूदी" यही नाउँबाट आएको हो।) यहूदा करार प्रति विश्वासी रहे अनि यहूदालाई पूर्णरूपले विजय नगरे सम्म त्यहाँ मानिसहरूलाई बेबिलोनहरूले देश निकाला नगरे सम्म दाऊदका बंश (राजाहरूका परिवार)ले यरूशलेममा शासन चलाइरहे। उत्तरीराज्य (इस्राएल)मा अनेक वंशहरू आएर गए, किनभने मानिसहरूले करारको पालन गरेनन्।

इस्राएली राजाहरूको निम्ति भिन्न समयमा अनेक राजधानीहरू भए ती मध्ये आखिरी चाही सामरिया थियो। मानिसहरूमाथि तिनीहरूको अधिकारलाई मजबुत तुल्याउनको निम्ति इस्राएलका राजाहरूले परमेश्वरको आराधना गर्ने तरिका परिणत गरे। तिनीहरूले नयाँ पूजाहारीहरू छाने। तिनीहरूले दुइवटा नयाँ मन्दिरहरू निर्माण गरे: एउटा मन्दिर दानमा (इस्राएलको उत्तरी सीमानामा) अनि अर्को मन्दिर बेथेलमा (इस्राएलको यहूदासितको सीमानामा)। इस्राएल र यहूदा माझ धेरै युद्धहरू भए। नागरिक युद्ध र विपत्‌को समयमा परमेश्वरले यहूदा र इस्राएलमा अनेक अगमवक्ताहरू पठाउनु भयो। कोही अगमवक्ताहरू, पूजाहारीहरू, कोही कृषकहरू थिए। कोही राजाका परामर्शदाताहरू थिए, अन्य सामान्य मानिसहरू थिए। केही अगमवक्ताहरूले आफ्ना उपदेशहरू अथवा अगमवाणीहरू लेखे, तर अरू धेरैले लेखेनन्। तर समस्त अगमवक्ताहरूले उचित र न्याय, सहायताको निम्ति परमेश्वरमा भर पर्ने कुराहरूको प्रचार गरे। धेरै अगमवक्ताहरूले त्यस्तो चेतावनी दिए कि मानिसहरू परमेश्वर तर्फ फर्केनन् भने पारस्त र छरपष्ट हुनेछन्। यी अगमवक्तहरू मध्ये कतिले भविष्यको गौरव तथा दण्डको दर्शन पाएका थिए। यिनीहरू मध्ये धेरैले त्यो समयलाई हेरि रहेका थिए जब राज्यमा शासन गर्न नयाँ राजा आउने छन्। कसैले यो राजालाई दाऊदका सन्तानको रूपमा देखेको छ जसले परमेश्वरका मानिसहरूलाई एक नयाँ सुनौलो युगमा लानेछ। यी राजाले सदा-सर्वदा एक अनन्त राज्यमा शासन गर्नेछ। अगमवक्ताहरू भन्छन्। अरूहरूले तिनलाई एक सेवकको रूपमा देखेका छन् जसले आफ्ना मानिसहरूलाई परमेश्वर तर्फ फर्काएर ल्याउनलाई अनेक कुराको यातना भोग्ने छन्। तर ती सबैले तिनलाई एक मसीहको रूपमा, नयाँ युगसम्म ल्याउनलाई परमेश्वरद्वारा चुनिएका एक ख्रीष्टको रूपमा चिन्नेछन।

## इस्राएल र यहूदाको ध्वंश

इस्राएली मानिसहरूले परमेश्वरको चेतावनी सुनेनन्, यसर्थ ७२२ वा ७२१ ख्रीष्ट पूर्व मा सामरिया अस्सिरीया आक्रमणकारीहरूको हातमा पर्‍यो। त्यहाँबाट इस्राएली मानिसहरूलाई लगे अनि अस्सिरीया साम्राज्य भरि छरपष्ट पारिदिए, तिनीहरू यहूदाका आफ्ना परिवारबाट टाढिए। त्यसपछि अस्सिरीयाहरूले, इस्राएल देशमा पुन: बसाउन विदेशीहरू ल्याए। यी मानिसहरूलाई यहूदा र इस्राएलको धर्म र संस्कृतिको बारेमा सिकाए अनि तिनीहरू मध्ये धेरैले करारको अनुसरण गर्ने प्रयास गरे। यी मानिसहरू सामरीया भनेर चिनन थाले। अस्सिरीयाहरूले यहूदा माथि विजय प्राप्त गर्ने कोशिश गरे। धेरै नगरहरू आक्रमणकारीहरूको हातमा पर्‍यो तर परमेश्वरले येरूशलेमलाई बचाँउनु भयो। अस्सिरीयाका पराजित राजा आफ्ना देशमा फर्के पछि तिनकै दुइजना छोराहरूले तिनको हत्या गरे। यसरी यहूदा बाँच्न सक्यो। अल्प कालिनरूपमा यहूदाका मानिसहरू परिवर्त्तन भए। तिनीहरूले परमेश्वरको आज्ञा पालन गर्न थाले। तर तिनीहरूलाई पनि आखिरमा परास्त गरियो र छरपष्ट पारियो। बेबीलोन राष्ट्र शक्तिशालि भयो र यहूदा माथि आक्रामण गर्‍यो। तिनीहरूले पहिला केही प्रमुखहरूलाई कैदी बनाएर लगे। तर केही वर्ष पछि ५८७ वा ५८६ ख्रीष्ट पूर्वमा यरूशलेम अनि मन्दिरलाई नष्ट गर्न तिनीहरू फर्केर आए। केही मानिसहरू मिश्रदेश तिर उम्के तर धेरै जसोलाई दासको रूपमा बेबीलोनमा लगियो। परमेश्वरले मानिसहरूकहाँ फेरि अगमवक्ताहरू पठाउनु भयो अनि तिनीहरूले सुन्न थाले। यस्तो भयो कि मन्दिर र यरूशलेम ध्वंश भए बेबीलोनबाट देश निकाला भएको मानिसहरूमा वास्तविक परिवर्त्तन आयो। अगमवक्ताहरूले नयाँ राजा र राज्यको बारेमा धेरै भन्दा धेरै बोल्नलागे। एक जना अगमवक्ता, यर्मियाले एक नयाँ करारको कुरा धरी गरे। यो नयाँ करार शिला-पटमा लेखिने छैन तर परमेश्वरका मानिसहरूको हृदयमा हुनेछ।

## यहूदीहरू प्यालेष्टाइन फर्कन्छन्

त्यतिबेला मेदो-पारसी साम्राज्यमा साइरस शक्तिमा आए अनि बेबीलोन विजय गरे। साइरसले मानिसहरूलाई आफ्नो देश फर्कन दिए। यसरी ६० वर्षको देश निकाला पछि यहूदाका धेरै मानिसहरू घर फर्के। मानिसहरूले आफ्नो राष्ट्रको पुन: निर्माण गर्ने प्रयास गरे, तर यहूदा सानो अनि कमजोर नै रह्यो। मानिसहरूले मन्दिर फेरि निर्माण गरे तर त्यो सुलेमानले निर्माण गरेको जस्तो सुन्दर भएन। धेरै मानिसहरू साँच्चै नै परमेश्वर तर्फ फर्किए अनि व्यवस्था, अगमवक्ताहरूको लेखहरू अनि अन्य पवित्र लेखहरूको अध्ययन गर्न लागे। धेरै मानिसहरू शास्त्रीहरू (व्यवस्थाका विद्वान) भए, जसले धर्म शास्त्रका प्रति लिपिहरू बनाए। मानिसहरू अध्ययन गर्न, प्रार्थना गर्न अनि साथमा परमेश्वरको आराधना गर्न विश्राम दिनमा भेट गर्न थाले। तिनीहरूका सभाहरूमा तिनीहरूले धर्म-शास्त्रहरूको अध्ययन गर्थे अनि धेरै मानिसहरू मसीह आउने बाटो हेर्न थाले। पश्चिममा महान अलेक्जाण्डरले ग्रीसको नियन्त्रण प्राप्त गरे अनि शीघ्र संसार जिते। तिनले ग्रीक भाषालाई, दस्तुर अनि ग्रीक संस्कृतिलाई संसारको विभिन्न भागमा फैलाए। जब तिनको मृत्युभयो तिनको राज्य विभाजित भयो र चाँड़ै अर्को साम्राज्य खडाभयो। र जानिएको वा थाहा भएको संसारको विशाल भाग, प्यालेष्टाइन, जहाँ यहूदाका मानिसहरू बस्थे, त्यहाँ अधिकार जमाए।

नयाँ शासक रोमीहरू प्राय: निष्ठुर र कठोर थिए। तर यहूदीहरू बलिया अनि विद्रोही थिए। यो संकटको समयमा त्यहाँ धेरै यहूदीहरू थिए जो आफ्नै जीवन कालमा मसीहको आगमन पर्खिरहेका थिए। यहूदीहरू केवल परमेश्वरले, तिनीहरूलाई पठाइदिन्छु भन्नु भएको मसीहद्वारा शासन भएको चाहन्थे। परमेश्वरले मसीहद्वारा संसारलाई बँचाउने योजना गर्नु भएको कुरा तिनीहरूले बुझेका थिएनन्। संसारबाट यहूदीहरूलाई बँचाउने परमेश्वरको योजना थियो तर तिनीहरूले सोचेका थिए। केही यहूदीहरू परमेश्वरले आफ्ना मसीह पठाउनु भएको समय पर्खनमा सन्तुष्ट थिए। तर अरूहरूले परमेश्वरले आफ्ना नयाँ राज्य स्थापना गर्नु हुने कुरामा सहायता गर्ने निश्चय गरेका थिए। यी यहूदीहरूलाई "जिलौती" भनिन्थ्यो। जिलौतीहरूले रोमीहरूको विरूद्ध लड्ने प्रयास गरे। प्राय: रोमीहरूलाई सहायता गर्ने अन्य यहूदीहरूलाई पनि मारे।

## यहूदीहरूको धार्मिक समूह

ख्रीष्ट पूर्व प्रथम शताब्दी सम्ममा मोशाको व्यवस्था यहूदीहरूका निम्ति अत्यन्त महत्वपूर्ण भयो। मानिसहरूले व्यवस्थाको अध्ययन गरेर त्यसमाथि बहस गरे। मानिसहरूले विभिन्न प्रकारले व्यवस्थालाई बुझे, तर धेरै यहूदीहरू त्यो व्यवस्थाको निम्ति मर्न तयार थिए। यहूदीहरू माझ तीन धार्मिकहरूको प्रमुख समूह थियो अनि प्रत्येक समूहमा शास्त्री वा लेखा-पाल (न्यायवेत्ता वा विद्वान)हरू थिए।

## सदूकीहरू

एक समूहलाई सदूकी भनिन्थ्यो। यो नाउँ शायद सादोक नाउँबाट आएको हुनुपर्छ जो राजा दाऊदको समयमा प्रधान पूजाहारी थिए। धार्मिक विषयमा आफ्ना अधिकारी स्वरूप यी मानिसहरूले केवल व्यवस्था (मोशाका पाँच पुस्तकहरू)लाई स्वीकर गरेका थिए। व्यवस्थाले पूजाहारी अनि बलिदानहरूको बारे धेरै कुरा सिकाएका थियो, तर यसले मृत्यु पछिको जीवनबारे केही सिकाएन। यसर्थ सदूकी मानिसहरू बौरी उठाईको कुरामा विश्वास गर्दैन थिए।

## फरिसीहरू

अर्को समूहलाई फरिसी भनिन्थ्यो। यो शब्द "व्याख्यागर्नु" वा "पृथक गर्नु" अर्थ भएको हिब्रू शब्दबाट आएको हो। यी मानिसहरूले मोशाको व्यवस्था सामान्य मानिसहरूलाई सिकाउने वा व्याख्या गर्ने कोशिश गरे। मोशाको समयमा फरिसीहरूको एक मौखिक परम्परा थियो त्यसका विश्वास गर्थे। तिनीहरूको विश्वास यस्तो थियो कि हरेक पुस्ताका मानिसहरू मोशाको व्यवस्थालाई यस्तो प्रकारले व्याख्या गर्न सक्थे जुन पुस्ताका मानिसहरूको आवश्यकतालाई पूरा गर्छ। यसको मतलब फरिसीहरूले आफ्ना अधिकार स्वरूप मोशाको व्यवस्थालाई मात्र स्वीकार नगरेर अगमवक्ता, पवित्र लेखहरू अनि आफ्नो परम्परालाई पनि स्वीकार गर्दथिए। यी मानिसहरूले व्यवस्था र आफ्ना परम्परालाई अनुसरण गर्ने खूबै कठिन प्रयास गरे। यसर्थ तिनीहरूले के खाए अनि तिनीहरूले के स्पर्श गरे त्यसबारे तिनीहरू अत्यन्त होशियार थिए। तिनीहरू आफ्ना हात धुनु र स्नान गर्नमा सावधान थिए। तिनीहरूले यो पनि विश्वास गर्थे कि मानिसहरू बौरी उठ्छन् किनभने तिनीहरू सम्झन्थे कि धेरै अगमवक्ताहरूले यो भनेका छन्। यो बौरी उठ्ने काम हुन्छ।

## एस्सेनहरू

तेस्रो समूह एस्सेनहरूको थियो। यरूशलेममा धेरै जस्ता पूजाहारीहरू त्यस प्रकारले जीवन जिउँदैन थिए जुन प्रकारले तिनीहरू बाँचेको परमेश्वर चाहनु हुन्थ्यो। फेरि, रोमीहरूले धेरै प्रधान पूजाहारीहरूलाई नियुक्त गरेका थिए। तर केही मानिसहरू मोशाको व्यवस्था अनुसार पूजाहारी हुन योग्यका थिएनन्। यसले गर्दा यरूशलेममा आराधना अनि बलिदानहरू ठीकसित गरिन्थ्यो भनी एस्सेनहरूले सोचेका थिएनन्। यसर्थ एस्सेनहरू निस्केर यहूदीय-मरूभूमिमा बस्न हिँडे। तिनीहरूले आफ्नै समुदाय गठन गरे जहाँ अन्य एस्सेनहरू आउन अनि बस्न सक्थे। एस्सेनहरूले परमेश्वरले मसीह पठाउनु हुनेछ अनि मन्दिर एवं पूजाहारीपनलाई पवित्र तुल्याउनु हुनेछ भनी उपवास बसे, प्रार्थना गरे अनि प्रतिक्षा गरे। धेरै विद्वानहरू यो विश्वास गर्छन् कि एस्सेनहरू कुनै प्रकारले कुमरान समुदायसित अनि कुमरान एवं यहूदीय मरुभूमिको क्षेत्रमा स्थानहरूमा पाइएका अनेक प्राचीन लेखहरूसित सम्बन्धित छन्।

## नयाँ करार

परमेश्वरले आफ्ना योजना शुरूगर्नु भयो। उहाँले एक विशेष राष्ट्र चुन्नु भयो। उहाँले ती मानिसहरूसित एक करार बाँध्नु भयो जसले उहाँको न्याय अनि भलापनलाई बुझ्नको निम्ति प्रस्तुत गर्नेछन्। उहाँले अगमवक्ताहरू

लेखकहरूद्वारा नयाँ करारमा आधारित एक पूर्ण आध्यात्मिक "राज्य"को स्थापना गरी संसारलाई आशीष प्रदान गर्ने योजना बताउनु भएको थियो। यो योजना प्रतिज्ञा गरिएको मसीहको आगमनसंगै प्रारम्भ हुनेछ। उहाँको आगमनको कुरा अगमवक्ताहरूले विशालरूपले विस्तारसित बताएका थिए। तिनीहरूले मसीहको जन्म कहाँ हुन्छ, वहाँ कस्तो किसिमको मानिस हुनुहुन्छ अनि उनले गर्नु पर्ने कार्यको विषयमा भनेका थिए। तर नयाँ करार शुरूहुने र मसीह आउने समय आइसकेको थियो।

नयाँ करारका लेखहरूले यो वर्णन गर्छन कसरी परमेश्वरको नयाँ करार प्रकट भयो अनि येशू जो ख्रीष्ट थिए (मतलब "एक अभिषेककृत" मसीह)ले कार्यान्वित गरेका थिए। यो सिकाउँछन कि नयाँ करार समस्त मानिसहरूका निम्ति हो। अनि तिनीहरू भन्छन् प्रथम शताब्दीमा मानिसहरूले कसरी परमेश्वरको प्रेमको दयापूर्ण उपहारलाई ग्रहण गरेर नयाँ करारको अङ्ग बने। यी लेखहरूले परमेश्वरका मानिसहरूलाई यो संसारमा कसरी जिउने त्यसबारे निर्देश दिन्छ। ती लेखहरूले आशीर्वादको पनि विवरण दिन्छन् जो परमेश्वरले आफ्ना मानिसहरूसित एक पूर्ण सार्थक जीवन र मरण पछि उहाँसँगको जीवनको प्रतिज्ञा गर्नु भएको छ। नयाँ करारका भिन्न-भिन्न आठ लेखकहरूद्वार लेखिएका सत्ताईसवटा पुस्तकहरू संलग्न छन्। ती सबैले ग्रीक भाषामा लेखे जो प्रथम शताब्दीमा-संसारमा सर्वत्र बोलिन्थ्यो। सम्पूर्ण लेखहरूले आधा भन्दा धेरै लेखहरू येशूले आफ्ना विशेष प्रतिनिधि वा सहायक हुनका निम्ति चुनेका चारजना "प्रेरितहरूले" लेखेका थिए। यी मध्ये मत्ती, यूहन्ना अनि पत्रुस तीनजना संसारमा येशूको जीवनकालमा साथै रहेका नजिकका बाह्जना चेलाहरू मध्येका थिए। अर्को लेखक पावललाई येशूले अद्भूत प्रकारले दर्शन दिए पछि एक प्रेरितकोरूपमा चुनिएका थिए। "सुसमाचार" कहलाइने प्रथम चार पुस्तकहरूमा येशू ख्रीष्टको जीवन र मृत्युको अलग-अलग विवरण छ। साधारणत: यी पुस्तकहरूले येशूका शिक्षा। संसारमा प्रकट हुनुको उद्देश्य अनि उनको मृत्युको विशेष महत्वलाई उनको सामान्य ऐतिहासिक विवरणलाई भन्दा अधिक जोर दिइएका छन्। चौथो पुस्तक यूहन्नाको सुसमाचार हो यी चार पुस्तकहरूमा यूहन्नाको सुसमाचारमा विशेष सत्यता छ। प्रथम तीन सुसमाचारहरू विषय-वस्तुमा प्राय: एकै छन्। वास्तवमा एक पुस्तकको ज्यादा सामग्री (लेख)हरू एक वा दुवैको अन्यमा प्राय: एकै पाइन्छ। यद्यपि प्रत्येक लेखकहरूले विभिन्न श्रोतावर्गका निम्ति लखेका अनि प्रत्येक लेखकको दृष्टिमा केही भिन्न लक्ष्य भएको आभास पाइन्छ। ती चार सुसमाचारहरूको पछि "कार्य" (प्रेरितका कार्य), येशूको मृत्यु पछिको घटनाहरूको इतिहास, आउँछ। यसले येशूका चेलाहरूले परमेश्वरको प्रेमको उपहार, जो समस्त मानिसहरूका निम्ति थियो, कसरी सम्पूर्ण संसारमा घोषित गऱ्यो, सो बताएको छ। यसले बताउँछ यो "गोस्पेल" वा "सुसमाचार" को घोषणाले समस्त प्यालेष्टाइन अनि रोमन साम्राज्यमा ख्रीष्टीय मार्ग (विश्वास) कसरी अपनाइयो। त्यो "कार्य" (प्रेरितका कार्य)को पुस्तक लूकाले लेखेका थिए जो आफूले लेखेका अधिकांश सामाग्रीका (कुराका) प्रत्यक्षदर्शी थिए। लूका तेस्रो सुसमाचारका पनि लेखक थिए। तिनका दुइ पुस्तकमा तर्क संगत छन् किनभने येशूको जीवन बृत्तान्तको स्वाभाविक परिणती नै प्रेरितको काम हो।

"प्रेरितका काम" पछि मानिस-मानिस वा ख्रीष्टीय समूहहरूलाई लेखिएका पत्रहरूको संग्रह छ। यी पत्रहरू पावल अनि पत्रुस जस्ता येशूका दुइ प्रेरित ख्रीष्टीय अगुवाहरूबाट पठाइएका थिए। यी पत्रहरू त्यस समयका मानिसहरूलाई तिनीहरूले सामना गर्नु परिरहेका समस्याहरू निम्ट्याउनमा सहायताका निम्ति लेखिएका थिए। यी पत्रहरूले ती समुदायहरूलाई सूचनादिन, सुधार्न, सिकाउन अनि उत्साह दिन मात्र होइन तर समस्त ख्रीष्टीय मानिसहरूलाई तिनीहरूको विश्वास, पास्परिक जीवन अनि संसारमा तिनीहरूको जीवन सम्बन्धी सहायता प्रदान गर्नु भनि लेखिएका थिए। नयाँ करारको अन्तिम पुस्तक "प्रकाशित वाक्य" (प्रकाश) अन्य सबै पुस्तकहरू भन्दा भिन्नैछ। यसमा अति अलङ्कृत भाषा प्रयोग गरिएको छ अनि यसका लेखक प्रेरित यूहन्नाले देखेका दिव्य-दर्शनको बारेमा तिनले बताएका छन्। यसका अनेक अलङ्कार अनि बिम्ब वा छाया पुरानो करारबाट लिइएको छ। पुरानो करार पुस्तकसित तुलना गरे पछि मात्र त्यसलाई राम्रोसित बुझ्न सकिन्छ। यो अन्तिम पुस्तकले आफ्ना-प्रदर्शक अनि सहायक येशू ख्रीष्ट तथा परमेश्वरको शक्तिद्वारा नराम्रो शक्ति माथि अन्तिम विजय प्राप्त गर्नको निम्ति विश्वासीहरूलाई उत्साहित गराउँछ।

**नयाँ नियमका पुस्तकहरू**

नयाँ नियमका निम्नलिखित विवरण प्रत्येक पुस्तक पढ्नको लागि सहायक हुनेछ:

**मत्ती:** येशूका बाह्रजना नजिकका चेलाहरू मध्ये एक जनाको नाउँ मत्ती हो। मत्ती एक यहूदी तिरो संग्रह कर्त्ता (करउठाउने) थिए, जब तिनलाई येशूले उहाँका एक प्रेरितको रूपमा चुन्नु भयो। मत्तीको लेखले तिनका आफ्ना

यहूदी पृष्ठ-भूमि अनि अभिरूची प्रदर्शन गर्छ। तिनी विशेषरूपले येशूको जीवनमा नै पुरानो नियमका भविष्यवाणी पूर्ण भए वा हुनेमा अभिरूची भए झै प्रतीत हुन्थ्यो। मत्तीको पुस्तक वास्तवमा येशूका शिक्षाहरूमा केन्द्रित छ।

**मर्कूस:** मर्कूस केही प्रेरितहरूका जवान सङ्गी थिए। मर्कूसको लेखन शैली संक्षिप्त अनि गती पूर्ण छ। मत्ती अनि लूकाले जस्तै तिनले येशूका शिक्षाहरू प्रति त्यति ध्यान दिएनन्। मर्कूसको लेख्ने उद्देश्य रोम र गैर यहूदी बुद्धिजीवी प्रति अनि येशूका कार्यहरू प्रति केन्द्रित थियो जसले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाण गर्थ्यो। मर्कूसले विशेषगरी पापको परिणामबाट तिनीहरूलाई बचाउँन येशू पृथ्वीमा आउनु भएको हो भन्ने कुरा मानिसहरूले जान्नु पर्छ भन्ने कुरामा अभिरूची राखेको प्रतीत हुन्छ।

**लूका:** प्रेरित पावलका यात्री-सङ्गीले लेखेका दुइ पुस्तकहरू मध्ये यो एउटा हो। लूका एक उत्तम शिक्षित डाक्टर अनि प्रतिभाशाली लेखक थिए। तिनी मर्कूसको सुसमाचार अनि मत्तीका सुसमाचारका अनेक सामग्रीहरूसित परिचित देखिन्थे, तर तिनले तिनका गैर यहूदी श्रोतावर्गलाई आकर्षक लाग्ने अनि तिनीहरूले बुझ्न सक्ने विशेष अंशमात्र संलग्न गर्न छाने। अन्य सुसमाचारका लेखकहरूले भन्दा, येशूको जीवनीको विवरणको क्रमबद्धता अनि एक ऐतिहासिक वास्तविकता प्रस्तुत गर्न लूका धेरै चाहन्थे। यद्यपि येशूको जीवनका घटनामा जोर नदिएर, प्रेममय, वास्ता गर्ने मानिस, मानिसहरूलाई जीवनको वास्तविक अर्थ सिकाउने अनि सबै मानिसहरूको आवश्यकतामा सहायता गर्ने अनि बँचाउने शक्ति सहित पुग्ने स्वयं येशूमा केन्द्रित भएको पाईन्छ।

**यूहन्ना:** यो सुसमाचार प्रथम तीन भन्दा अति भिन्न छ। यसलाई यसको सुन्दर तर गम्भीर भूमिकाबाट नै तुरन्त देख्न सकिन्छ। यूहन्नाले अन्य सुसमाचारहरूमा नपाइने अनेक सामग्रीहरू प्रस्तुत गरेका छन्। तिनको मुख्य रूची येशूलाई दैविक मसीह (ख्रीष्ट), "परमेश्वरका पुत्र" अनि संसारका "उद्धारकर्ता" भनी प्रमाणित गर्नु हो।

**प्रेरित:** लूकाले लेखेको यो पुस्तक तिनको पहिलो पुस्तकको अन्त भएको ठाउँ देखि शुरू हुन्छ। यो येशूले आफ्ना शिष्यहरूलाई, सुसमाचार, समस्त मानिसहरू प्रति परमेश्वरको प्रेमको सन्देशको घोषणा गर्दै सारा संसारभरि जानु भन्ने आज्ञाबाट शुरू हुन्छ। येशू चाहनु हुन्छ उहाँको दिव्य-प्रचार जसद्वारा मानिसहरूलाई तिनीहरूको पापको परिणामबाट बचाइन्छ त्यसको विषयमा आफ्नो ज्ञान अरूहरूलाई बताउनु। लूकाले, पत्रुस अनि पावल जस्ता दुइ मुख्य मानिसहरूद्वारा यो कार्य पूर्ण गरिने उत्तेजनात्मक घटनाहरू प्रस्तुत गरेका छन्। तिनले यो पनि बताउँछन् ईसाइ मार्ग येरूशलेममा एक सानो झुण्डको रूपमा प्रारम्भ भएर यहूदीया अनि सामरीयाका चारैतर्फको क्षेत्र भएर अन्तमा रोम साम्राज्यसम्म अति छिट्टो फैलिएर गयो।

नयाँ नियमको अर्कोलेख संग्रह अन्तर्गत पावलका पत्रहरू आउँछन्। प्रेरित पावल (खास नाउँ साऊल) सिलिसिया (दक्षिण पूर्व तुर्की) को तार्ससका एक उत्तम शिक्षित यहूदी थिए। येरूशलेममा तिनी शिक्षित फरिसीहरू माझका एक अगुवा थिए अनि आफ्ना प्रारम्भिक उमेरमा ख्रीष्टीय आन्दोलनका घोर विरोधी थिए। यद्यपि येशू तिनको दर्शनमा प्रकट हुनु भयो अनि तिनको जीवनको सम्पूर्ण दिशा परिवर्त्तन भयो। प्राय: दशवर्ष पछि ख्रीष्टका सन्देशको घोषणा वा प्रचार गर्न विस्तृत यात्रा शुरू गरे। यसै अवधिमा तिनले मण्डलीहरूलाई (ख्रीष्टीय समूह) अनि मानिसहरूलाई अनगिन्ती पत्रहरू लेखे। यी मध्ये तेह्र पत्रहरू नयाँ करारमा संलग्न छन्।

**रोमी:** पावलले रोमलाई लेखेको पत्र सबै भन्दा लामो अनि उनका सबै पत्रहरू भन्दा पूर्ण छ। यी मध्ये अधिकांश पत्रहरू ती नगरका ख्रीष्टीय समूहहरूलाई लेखिएका हुन् जसमा येशूका सन्देश अनि मण्डलीहरूको गठन गर्ने कार्य शुरू गरे। यद्यपि जब तिनले रोममा बस्ने ख्रीष्टीयनहरूलाई यो पत्र लेखे तिनी त्यहाँ कहिले गएका थिएनन्। ५७ ख्रीष्टाब्दमा तिनी ग्रीसमा थिए। आफूले चाहे झै रोमको यात्रा गर्न असमर्थ भएको हुँदा तिनले आफ्ना साविक शिक्षा पत्रमा लेखे। यो एक सावधानी पूर्वक लेखिएको ख्रीष्ट मार्गिहरूलाई मौलिक सत्यताको प्रस्तुति थियो। दक्षिण ग्रीसका नगर कोरिन्थिका ख्रीष्टीयनहरूलाई पावलले लेखेका अनेक पत्रहरू मध्ये

**१ कोरिन्थी** र **२ कोरिन्थी**का पत्रहरू हुन्। यी दुइ मध्ये प्रथम पत्रमा पावलले केही समस्याहरू समाधान जो त्यहाँ भएका ख्रीष्टीयनहरू माझ उत्पन्न भएका थिए अनि तिनीहरू मध्ये केहीले तिनलाई पठाएका उत्तर प्रतुत गरेका थिए। यो विषयहरूमा ख्रीष्टीय एकता, विवाह, यौन-पाप, विच्छेदन, यहूदी दस्तुर आदि संलग्न थिए। तेह्र अध्याय

विशेष रूचीको छ। यसमा पावलको प्रेमको विषयमा प्रसिद्ध लेख छ जहाँ तिनले तिनीहरूका समस्त समस्याहरूका समाधान देख्छन्। दोस्रो पत्रले प्रथम पत्रको कोरिन्थीयहरूको प्रत्युत्तर पछ्याएको छ।

**गलाती:** गलातीयहरूलाई पावलको पत्रले ख्रीष्ट्रीयनहरू माझ भएको भिन्न समस्यासित सम्बन्ध राख्छ। पावलले त्यहाँ ख्रीष्टीय सन्देश घोषणा गरेका थिए साथै केही मण्डलीहरूको गठन गरेका थिए। त्यसपछि एकदल यहूदी शास्त्रीहरू त्यहाँ गए र केही विचारधारणाहरू सिकाए जो ख्रीष्टका साँचो शिक्षा भन्दा धेरै भिन्न थिए। समस्या जटिल थियो किनकि त्यसमा परमेश्वरसित मानिसको असल सम्बन्धको आधार निहित भएको थियो। त्यस समय गलातीया जान असमर्थ भएको हुनाले पावलले दृढ़तापूर्वक त्यस समस्या प्रति यो पत्रद्वारा आफ्नो विरोध जनाए। तिनले रोमहरूलाई लेखेको पत्र जस्तै यसले ख्रीष्टीय मार्गको आधार शिलासंग सम्बन्ध राख्छ तर अर्कै कारणको निम्ति। **एफिसी:** पावलले आफू कैदमा हुँदा एफिसीयहरूलाई पत्रलेखे तर कहाँ अनि कहिले यो निश्चित छैन। यो पत्रको विषय-बस्तु ख्रीष्टको शासनको अधीनमा सबै मानिसहरूलाई एकतामा ल्याउने परमेश्वरको योजना रहेको छ। पावलले ख्रीष्टीयनहरूलाई एक अर्कासित मेल मिलापसंग आफ्नो जीवन जिउनु अनि परमेश्वरको उद्देश्य प्रति पूर्णरूपले समर्पित रहनु भनी उत्साह दिए। **फिलिप्पी:** फिलिप्पीयहरूलाई पावलको यो पत्र सायद रोम कारावासबाट लेखिएको थियो। त्यस समय पावलले अनेक विपदहरूको सामना गरि रहेका थिए। तर तिनले परमेश्वर माथि विश्वास राखे अनि यो पत्र विश्वास र आनन्दले परिपूर्ण छ। फिलिप्पीका ख्रीष्टीयहरूलाई उत्साह दिन र तिनहरूलाई पठाएका केही वित्तीय सहायताको निम्ति धन्यवाद ज्ञापन गर्न पावलले तिनीहरूलाई पत्र लेखे। **कलस्सी:** पावलले कलस्सीयहरूलाई केही झूँटो शिक्षा प्रति सजक गराउन पत्र लेखे, जसले गर्दा एशिया माइनर (तुर्की) को एक नगर कलस्सीयको मण्डलीलाई विपत् परिरहन्थ्यो। यो पत्रका अंशहरू एफिसीयलाई लेखिएको पत्रको जस्तै छ। पावलले ख्रीष्टीयनहरूले जीवन यापन गर्ने तरिकाका केही व्यवहारिक पाठ दिएका छन्।

**१ थिस्सलोनिकी** अनि **२ थिस्सलोनिकी**हरूलाई पठाएका पत्र सम्भवत: पावलका प्रथम पत्रहरू मध्येका हुन्। पावलको मेसिडोनिया (उत्तरी ग्रीस) तर्फको प्रथम यात्रामा तिनले थिस्सलोनिका मानिसहरूलाई ख्रीष्टीय सन्देश सुनाएका थिए। धेरै मानिसहरूले विश्वास गरे तर अल्पसमय पछि तिनले छाड़ेर हिँडनु पर्‍यो। पावलले मानिसहरूलाई तिनीहरूको नयाँ मार्ग प्रति उत्साह प्रदान गरे। तिनले मानिसहरूले नबुझेका केही कुराहरू, विशेष गरी येशूको प्रत्याशित प्रत्यागमनको सम्बन्धमा बहस-विमर्श गरे। दोस्रो पत्रले यही बहस-विमर्शलाई लगातार बताएको छ। **१ तिमोथी**, **२ तिमोथी** अनि **तीतस**लाई पत्र: पावलको जीवनको अन्ततिर तिनका नजिकका दुइजना साथीहरूलाई लेखिएका थिए। पावलले तिमोथीलाई एफिससमा छाड़ेका थिए अनिलाई क्रीटमा छाड़ेका थिए त्यहाँका मण्डलीहरूको व्यवस्था (संगठन) अनि कार्यभार सम्बन्धित केही समस्या समाधानमा सहायता गर्नु भनी जाहेर थियो। तिमोथी र तीतसको काम यी स्थानका मण्डलीलाई स्वतंत्र अगुवाई अनि सञ्चालनको निम्ति तयारी गर्नमा सयाहता गर्नु थियो। तिमोथीलाई प्रथम पत्रमा अनि तीतसलाई दोस्रो पत्रमा पावलले अगुवाहरूको चयन अनि विभिन्न समस्या साथै स्थितिको समाधान गर्ने विषयमा केही मार्ग निर्देशन प्रदर्शिका दिएका छन्। तिमोथीलाई दोस्रो पत्र कारावासबाट लेखेका अत्यन्त व्यक्तिगत पत्र थियो जब तिनलाई आफ्नो जीवनको अन्तको अनुभव हुन लागेको थियो। त्यो पत्र परामर्श अनि उत्साहले परिपूर्ण थियो जस्तो तिनले तिमोथीलाई विश्वास, साहस तथा सहनशीलताको आफ्नै उदाहरण अनुसरण गर्नु भनी निवेदन गरेका थिए।

**फिलेमोन** पावलले कोलोस्सियहरूलाई पत्र लेखेकै समयमा लेखेको पत्र थियो। फिलेमोन कोलोसीयाबाट भागेका एक ख्रीष्टीय दास ओनेसिमसका मालिक थिए, जो पावलको प्रभावले ख्रीष्टीयन बनेका थिए। त्यो पत्र ओनेसिमसलाई क्षमा दिने अनि त्यसलाई फिर्ता स्वागतसँग गर्ने भनी फिलेमोनलाई निवेदन थियो। पावलका पत्रहरूको अतिरिक्त येशूका अन्य अनुयायीहरूले लेखेका आठवटा पत्रहरू छन्। **हिब्रू** का ग्रन्थकर्त्ता अज्ञात छन् तर यो स्पष्ट छ। ख्रीष्टमा विश्वास गर्ने यहूदीहरूलाई लेखिएको हो। तिनीहरूलाई येशूमा आफ्ना विश्वासबाट तानिइनेछ भन्ने विश्वासमा थिए। यो पत्र यी ख्रीष्टीयनहरूको विश्वासलाई उत्साहित अनि सुदृढ़ तुल्याउनलाई लेखिएको थियो। लेखकले सम्पूर्ण जीवनमा मानिसहरूमाथि येशूको महानतामा जोर दिएका छन् । तिनले यो सिकाएका छन् कि येशू ख्रीष्टका अनन्त पुजारीत्व "अन्य भन्दा उत्तम करार" पुरानो नियम "प्रथम करार" भन्दा श्रेष्ठ छ। परमेश्वरमा विश्वास राख्नु अनि उहाँका निम्ति बाँच्नु भनी प्रेरणा दिएर लेखकले सुजाब दिएका छन्। **याकूब** परमेश्वर अनि येशूका एक सेवक पत्रको वर्णनमा प्राय: नै "व्यावाहारिक" शब्द प्रयोग भएको छ। कोही मानिसहरू तिनलाई येशूका एक भाइ सम्झन्छन्। याकूबको यहूदी पृष्ठ भूमि तिनले सिकाएका निष्पक्ष न्याय, गरीबलाई सहायता, विश्वास

मित्रता, बुद्धि, आत्म संयम, अभिमान अनि कमजोरी (लोभ) गर्ने सुन्ने अनि विश्वास वा धर्मिक कार्य स्पष्ट झल्कन्छ। तिनले मानिसहरूलाई प्रार्थना गर्न अनि धिरजि बन्न पनि प्रोत्साहन दिएका छन्।

**१ पत्रुस** र **२ पत्रुस**का पत्रहरू प्रेरित पत्रुसले ख्रीष्टीयनहरूलाई लेखेका थिए जो भिन्न-भिन्न अनेक स्थानमा बसेका थिए। पत्रुसले यस्ता ख्रीष्टीयहरूलाई तिनीहरूका सजीव आशा अनि स्वर्गमा तिनीहरूका वास्तविक घरको बारेमा शिक्षा दिए। तिनीहरूले सामना गरि रहेका कठिन समयको कारणले पत्रुसले तिनीहरूलाई परमेश्वरले त्याग गर्नु भएको छैन भनी शिक्षा दिन्छन्। तिनीहरू यातनाको कारणले उत्तम हुनेछै। परमेश्वरले तिनीहरूलाई आशीर्वाद दिनु भएको छ अनि येशू ख्रीष्टद्वारा तिनीहरूको पापलाई क्षमा प्रदान गर्नु भएको छ भनी स्मरण गराउँछन्। तिनीहरूले उचितसित बाँचेर प्रत्युत्तर दिनु पर्छ। पत्रुस २मा भूँठो शिक्षा प्रति पत्रुस प्रेरितले विरोध प्रकट गर्छन्। तिनले सत्य ज्ञान अनि ख्रीष्टको दोस्रो आगमन बारे शिक्षा दिन्छन्। **१ यूहन्ना**, **२ यूहन्ना** अनि **३ यूहन्ना**का पत्रहरू प्रेरित यूहन्नाद्वारा लेखिएका थिए। यूहन्नाका प्रेमका पत्रहरूले, विश्वासीहरूलाई, परमेश्वरले सदैव स्वीकार गर्नु हुने छ भनी विश्वास दिलाउँछन्। यूहन्नाले यो शिक्षा दिन्छन् कि आफ्ना वरिपरिका मानिसहरूलाई प्रेम गरेर परमेश्वर प्रतिको प्रेमलाई दर्शाउनु अनि परमेश्वरले चाहेको कामहरू गर्नु भनी। दोस्रो र तेस्रो पत्रहरूले ख्रीष्टीयहरूलाई एक-अर्का प्रति प्रेम गर्नु भनी निवेदन गर्छन अनि भूठो शिक्षा र भक्तिहीन व्यवहार विरूद्ध तिनीहरूले (पत्रहरूले) चेतावनी दिन्छन्। **यहूदा** पत्रका लेखक याकूबका भाइ शायद येशूका एक भाइ हुन्। यो पत्रले विश्वासीपनाको प्रोत्साहन दिन्छ अनि विपद सृष्टि गर्ने र भूँठो शास्त्री (शिक्षक)हरू विरूद्ध बोल्छ।

प्रेरित यूहन्नाको प्रकाशित वाक्य "**प्रकाश**" नयाँ नियमका सबै अन्य पुस्तकहरू भन्दा भिन्दै छ। यो पुस्तकले अत्यन्त अलङ्कृत भाषाको प्रयोग गरेर यूहन्नाले देखेको दिव्य दर्शनको बारे बताउँछ। अनेक आकृति अनि प्रतिबिम्बहरू पुरानो निमयबाट लिएका छन् त्यसलाई पुरानो नियमका लेखहरूसँग तुलना गरेर राम्रोसित बुझ्न सकिन्छ। यो पुस्तकले ख्रीष्टीयनहरूलाई परमेश्वर अनि येशू ख्रीष्ट, तिनीहरूका अगुवाहरू अनि सहायकहरूका पराक्रमद्वारा नराम्रा-शक्तिहरू माथि अन्तिम विजय प्राप्तिको विश्वास दिलाउँछ।

**बाइबल र आधुनिक पाठक**

बाइबलका आजका पाठकहरूले यो मनमा राख्नु पर्छ कि यी पुस्तकहरू हजारौं वर्ष अघि लेखिएका थिए ती मानिसहरूका निम्ति जो हामीहरूको भन्दा अत्यन्त भिन्नै संस्कृतिमा बाँचेका थिए। साधारणत: यी लेखहरू ती सिद्धान्तहरूमा केन्द्रित छन् जो शाश्वतरूपले सत्य छ। यद्यपि तिनीहरूलाई बुझ्नको निम्ति तिनीहरूले तुलना, गरेका ऐतिहासिक विवरण, उदाहरण अनि उद्धरण, त्यस युगमा संस्कृति अनि त्यस युगको केही ज्ञान, जुन युगमा ती मानिसहरू थिए, द्वारा मात्र सम्भव हुन्छ। उदाहरणको निम्ति येशूले एक मानिसको कथा सुनाउनु हुन्छ जो एक यस्तो खेतमा अन्न रोपिरहेछ जहाँ माटोको अवस्था भिन्न-भिन्न छ। वास्तवमा ती अवस्थाहरूसित आजका मानिसहरू परिचित नहोलान, तर यो उदाहरणद्वारा येशूले जो शिक्षा प्रदान गर्नुहुन्छ त्यो प्रत्येक समय (काल) अथवा स्थानका मानिसहरूमा उपयुक्त ठानिन्छ। आजका आधुनिक पाठकहरूले बाइबलको दुनियालाई केही अनौठो पाउन सक्छन्। त्यस समयका दस्तुर, प्रवृत्ति, मानिसहरूको कुरा गर्ने तरिका अपरिचित लाग्न सक्छ तर यो तर्क संगत छ। यी कुराहरूलाई आधुनिक माप-दण्डद्वारा होइन, त्यस समय र स्थानको मापदण्ड अनुसार मुल्याङ्कन गर्नु पर्छ। यो कुरामा पनि ध्यान राख्नु पर्छ बाइबल विज्ञानको पुस्तकको रूपमा लेखिएको होइन। समस्त मानिसहरूका निम्ति ऐतिहासिक घटनाहरूको वर्णन गर्न अनि ती घटनाहरूको महत्व प्रस्तुत गर्नलाई विशेषरूपले लेखिएको हो। यसका शिक्षामा विश्व-व्यापी सत्यसित संलग्न वा आधारित छन् जो विज्ञानको सीमा देखि बाहिर छ। यो आधुनिक युगमा पनि प्रासङ्गिक रहेको छ किनभने यसले ती बुनियादी अध्यात्मिक आवश्यकतासित सम्बन्धित छ जो कहिल्यै परिवर्त्तन हुँदैन। कुनै पनि मानिस जसले प्रत्यक्ष वा वस्तुनिष्ठ रूपले बाइबलको अध्यान गर्छ उसले अनेक लाभको अपेक्षा गर्न सक्छ। तिनीहरूले प्राचीन संसारको इतिहास अनि संस्कृतिको बारे ज्ञान प्राप्त गर्नेछन्। तिनीहरूले येशू ख्रीष्टको जीवन, शिक्षा अनि उहाँका विश्वासीहरूलाई त्यसको मतलब के थियो त्यसको बारे शिक्षा पाउने छन् वा जान्ने छन्। तिनीहरूले बुनियादी अध्यात्मिक अन्तर-दृष्टि प्राप्त गर्नेछन् अनि सशक्त आनन्दमय जीवन बाँच्ने व्यवहारिक ज्ञान प्राप्त गर्नेछन्। तिनीहरूले जीवनको अत्यन्त कठिन प्रश्नहरूको उत्तर पाउने छन्। यसर्थ यो पुस्तकको पाठ गर्नमा अनेक असल कारणहरू छन्, अनि मानिस जसले यसलाई खुल्ला हृदय अनि जिज्ञासासाथ पाठगर्छ उसले आफ्नो जीवनका निम्ति परमेश्वरको उद्देश्य आविष्कार गर्न (जान्न) सक्ने छ।